
नोटः कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सुचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पुर्ण रुपमा पालना भएको।

१०. उच्च व्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	शैक्षिक योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर कित्ता
१.	श्री कर्मराज तामाङ	प्रमुख कार्यकारी अधिकृत	व्यवस्थान तथा वाणिज्य संकायमा स्नातक	२०७९/१२/२२	१. जलविद्युत आयोजना, निर्माण व्यावसाय तथा परामर्स सेवामा आवद्ध । २. लेखा क्षेत्रमा १० वर्ष भन्दा बढिको कार्य अनुभव ।	नरहेको
२.	श्री मिलन न्यौपाने	प्लान्ट इन्चार्ज	इलेक्ट्रिकल इन्जिनियर	२०७९/०१/०१	१. जलविद्युत क्षेत्रमा १ वर्ष ५ महिना बढिको कार्य अनुभव ।	नरहेको

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस कम्पनीको नियमावलीको नियममा भएको व्यवस्था अनुसार महिला र स्वतन्त्र सहित ९ (नौ) जना संचालक समिति गठन गरिएको छः

(१) संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालकहरु	७ (सात) जना
(२) महिला संचालक	१ (एक) जना
(३) सर्वसाधारण शेयरधनीका तर्फबाट निर्वाचित संचालक	१ (एक) जना

संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयर सख्या तथा संचालकहरुको कार्यकाल :
यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनको लागी कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्दछ। संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ। तर स्वतन्त्र संचालकको हकमा २ वर्षको कार्यकाल कायम गरिएको छ।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको स्थापना प्रचलित कानून अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा भएको हो। यसमा शेयरधनीहरुको दायित्व निजहरुले खरिद गरेको वा गर्न कबुल गरेको शेयरको अंकित मूल्य रकमसम्म मात्र सिमित रहनेछ।

१३. सञ्चालन अवधि तीन वर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण:

वासलात

(रकम रु. हजारमा)

विवरण	वास्तविक			*आ.व.२०७९/८० पौष मसान्तसम्मको
	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	
सम्पत्ति				
(क) **दिर्घकालिन सम्पत्ति**				
कुल सम्पत्ति, प्लान्ट र उपकरण	४१,२२०	४६,२५२	२,४६४	२,२२९
अमूर्त सम्पत्ति	-	-	१,३५८,८७९	१,३६२,०७१
पूँजीगत कार्य प्रगति	२७९,०२०	१,११४,६५१	-	-
लगानी	-	-	-	-
जम्मा दिर्घकालिन सम्पत्ति	३२०,२४०	१,१६०,९०३	१,३६१,३४२	१,३६४,३००
(ख) **चालु सम्पत्ति**				
नगद तथा बैक मौज्दात	२३०	१५,३६१	१८४	५२०
कर्जा, अग्रिम भुक्तानी र निक्षेप	१६०,५१८	१२९,२१२	८६,११३	७६,४२८
जम्मा चालु सम्पत्ति	१६०,७४८	१४४,५७३	८६,२९७	७६,९४८
जम्मा सम्पत्ति (क+ख)	४८०,९८८	१,३०५,४७५	१,४४७,६३९	१,४४१,२४८
पूँजी र दायित्व				
(क) **पूँजी**				
शेयर पूँजी	२९७,३४८	३६९,३७५	३६९,३७५	३६९,३७५
जम्मा पूँजी	२९७,३४८	३६९,३७५	३६९,३७५	३६९,३७५
(ख) **संचित जगेडा तथा कोष**				
संचित मुनाफा/नोक्सान	(१३,०९०)	(१५,२०९)	(५२,९९२)	(४५,८८३)
जम्मा दिर्घकालिन दायित्व	(१३,०९०)	(१५,२०९)	(५२,९९२)	(४५,८८३)
(ग) **दिर्घकालिन दायित्व**				
दिर्घकालिन कर्जा	१९०,२३७	८१६,२१३	९३७,२९०	९२५,२००
जम्मा दिर्घकालिन दायित्व	१९०,२३७	८१६,२१३	९३७,२९०	९२५,२००
(घ) **चालु दायित्व**				
चालु दायित्व	६,४९३	१३५,०९६	१९३,९६६	१९२,५५५
जम्मा चालु दायित्व	६,४९३	१३५,०९६	१९३,९६६	१९२,५५५
जम्मा पूँजी तथा दायित्वहरु (क+ख+ग+घ)	४८०,९८८	१,३०५,४७५	१,४४७,६३९	१,४४१,२४८

नाफा-नोक्सान हिसाब

(रकम रु. हजारमा)

विवरण	वास्तविक			*आ.व.२०७९/८० पौष मसान्तसम्मको
	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	
प्रत्यक्ष आम्दानी				
विद्युत बिक्री वापत आम्दानी	-	-	४३,५८८	८९,५४५
कुल नाफा/नोक्सान	-	-	४३,५८८	८९,५४५
जोड : अप्रत्यक्ष आम्दानी				
बैंक ब्याज आम्दानी	४७३	३२१	१५५	-
घटाउ : अप्रत्यक्ष खर्च				
सामान्य र प्रशासनिक खर्च	९१०	१,००६	१५,९२६	६,३५४
ह्रास कट्टी, ब्याज तथा कर अघिको नाफा	(४३६)	(६८५)	२७,८१७	८३,१९१
घटाउ : ह्रास कट्टी खर्च	८९१	१,४३३	२१,८२४	२३,३८७
ब्याज तथा कर अघिको नाफा	(१,३२८)	(२,११९)	५,९९३	५९,८०४
घटाउ : बैंक ब्याज तथा वित्तीय शुल्क	-	-	४३,७३८	५२,६९५
कर अघिको नाफा	(१,३२८)	(२,११९)	(३७,७४४)	७,१०९
घटाउ : आयकरको प्रावधान	-	-	३९	-
कर पछिको नाफा	(१,३२८)	(२,११९)	(३७,७८३)	७,१०९
जोडः गत वर्ष सम्मको नाफा/(नोक्सान)	(११,७६२)	(१३,०९०)	(१५,२०९)	(५२,९९२)
वासलातमा सारिएको संचित मुनाफा/(घाटा)	(१३,०९०)	(१५,२०९)	(५२,९९२)	(४५,८८३)

*आ.व. २०७९/८० को पौष मसान्तसम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब:

वासलात

(रकम रु. मा)

विवरण	प्रक्षेपित		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
(१) **शेयर पूँजी र जगेडा कोष**			
चुक्ता पूँजी	४९२,५००	४,९२,५००	४,९२,५००
जगेडा कोष तथा संचित नाफा/नोक्सान	(३,८४९)	५६,०८४	१२७,५६२
जम्मा पूँजी	४८८,६५१	५४८,५८४	६२०,०६२
(२) **ऋण कोष**			
बैंक ऋण	८९८,५८३	८५४,९५५	८००,२८९
अन्य ऋण	-	-	-
जम्मा ऋण कोष	८९८,५८३	८५४,९५५	८००,२८९
जम्मा पूँजी तथा दायित्वहरु	१,३८७,२३४	१,४०३,५३९	१,४२०,३५०
कोषको आवेदन			
(१) **स्थिर सम्पत्ति**	१,३९०,०००	१,३४३,२७९	१,२९६,६५८
घटाउः ह्रास कट्टी	(४६,७२१)	(४६,७२१)	(४६,६२१)
नेट ब्लक	१,३४३,२७९	१,२९६,५५७	१,२५०,०३७
चालु सम्पत्ति	७७,२९६	१२०,३२२	१७०,३१४
प्राप्य (Receivable)	-	-	-
नगद तथा बैक मौज्दात	२३,६९१	६५,१०९	१३४,२००
पेश्की, कर्जा, सापट तथा अग्रिम भुक्तानी	५३,६०५	५५,२१३	३६,११४
निक्षेप	-	-	-
घटाउः चालु दायित्व	३३,३४१	१३,३४१	-
चालु दायित्व	३३,३४१	१३,३४१	-
लाभांशको व्यवस्था	-	-	-
करको व्यवस्था	-	-	-
(२) **नेट वर्किङ्ग क्यापिटल (चालु सम्पत्ति-चालु दायित्व)**	४३,९५५	१०६,९८१	१७०,३१४
(३) **पूँजीगत कार्य प्रगती**	-	-	-
कुल सम्पत्ति	१,३८७,२३४	१,४०३,५३९	१,४२०,३५०

नाफा-नोक्सान हिसाब

(रकम रु. मा)

विवरण	प्रक्षेपित		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
आम्दानी			
विद्युत बिक्री बापत आम्दानी	२२८,०३७	२३४,८७९	२४१,९२५
अन्य आम्दानी	-	-	-
जम्मा आम्दानी	२२८,०३७	२३४,८७९	२४१,९२५
घटाउ :			
संचालक खर्च	२१,६५०	२२,२९९	२२,९६८
बैंकको ऋणमा ब्याज	१०४,३००	९९,४४५	९४,००१
सरकारलाई रोयल्टी भुक्तानी	५,२२१	५,३५८	५,४९८
सम्पत्तिको मूल्य ह्रास	४६,७२१	४६,६२१	४६,५२१
विद्युत प्राधिकरण जरिवाना	-	-	-
जम्मा खर्च	१७७,८९२	१७३,७२३	१६८,९८८
कर अघि खुद नाफा	५०,१४५	६१,१५६	७२,९३७
घटाउ :			
नाफाको २% कर्मचारीलाई बोनस	१,००३	१,२२३	१,४५९
बोनस प्रावधान पछि नाफा	४९,१४२	५९,९३३	७१,४७८
कर	-	-	-
कर पछि नाफा	४९,१४२	५९,९३३	७१,४७८
घटाउः शेयरधनीहरुलाई लाभांश	-	-	-
चालु वर्षको नाफा (लाभांश पछि)	४९,१४२	५९,९३३	७१,४७८
वासलातमा सारिएको संचित मुनाफा/(घाटा)	(३,८४९)	५६,०८४	१२७,५६२
लाभांश	-	-	-
पूँजी रकम	४९२,५००	४९२,५००	४९२,५००
लाभांश रकम	-	-	-
शेयर को कुल संख्या	४९२,५००	४९२,५००	४९२,५००

प्रति शेयर आम्दानी (EPS)

विवरण	वास्तविक			अपरिष्कृत आ.व २०७९/०८० पौष मसान्त	प्रक्षेपित		
	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९		आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
प्रति शेयर आम्दानी (EPS) (रु.)	(०.४५)	(०.५७)	(१०.२२)	७.४४	९.८८	१२.१७	१४.५१
प्रति शेयर नेटवर्थ (रु.)	९५.६०	९५.८८	८५.६५	९३.०९	९९.२२	१११.३९	१२५.९०
जगेडा कोष तथा संचित नाफा (रु.हजारमा)	(१३,०९०)	(१५,२०९)	(५२,९९२)	(४५,८८३)	(३,८४९)	५६,०८४	१२७,५६२

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

विवरण	वास्तविक			अपरिष्कृत आ.व २०७९/०८० पौष मसान्त	प्रक्षेपित		
	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९		आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
शेयर पूँजी	२९७,३४८	३६९,३७५	३६९,३७५	३६९,३७५	४९२,५००	४९२,५००	४९२,५००
जगेडा कोष तथा संचित नाफा (रु.)	(१३,०९०)	(१५,२०९)	(५२,९९२)	(४५,८८३)	(३,८४९)	५६,०८४	१२७,५६२
जम्मा	२८४,२५८	३५४,१६६	३१६,३८३	३२३,४९२	४८८,६५१	५४८,५८४	६२०,०६२
अपलेखन हुन बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	२८४,२५८	३५४,१६६	३१६,३८३	३२३,४९२	४८८,६५१	५४८,५८४	६२०,०६२
शेयर संख्या ('००० मा)	२,९७३	३,६९४	३,६९४	३,६९४	४,९२५	४,९२५	४,९२५
प्रति शेयर नेटवर्थ (रु.)	९५.६०	९५.८८	८५.६५	९३.०९	९९.२२	१११.३९	१२५.९०
कर अघिको नाफा/(नोक्सानी)	(१,३२८)	(२,११९)	(३७,७४४)	२७,४७१	५०,१४५	६१,१५६	७२,९३७
प्रति शेयर आम्दानी (EPS)	(०.४५)	(०.५७)	(१०.२२)	७.४४	९.८८	१२.१७	१४.५१
नेटवर्थमा प्रतिफल (%)	(०.४७)	(०.६०)	(११.९३)	७.९९	१०.२६	११.१५	११.७६
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००

निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफलः छैन ।

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (१.४९)

नोटः कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोवारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि इ.आर. सिम्देल एण्ड एसोसियट्स बाट प्रमाणित गर्नु भएको छ।

१४. सकारात्मक पक्षहरु :

१. आयोजनाबाट प्राप्त हुने आयमा १० वर्षसम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको छ।
२. साप्सुप खोला साना जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको छ।
३. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको छ।
४. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको छ।

१५. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने।

(क) **वित्तीय साधनको अभाववाट हुने जोखीम :**
- आयोजना निर्माण सम्पन्न भई संचालनमा रहेको भएता पनि आयोजना निर्माणको कार्य पुर्ण रुपमा भई नसकेको हुँदा पूँजी अपुग हुन सक्ने र आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको।
- कम्पनीको प्रक्षेपण अनुसार विद्युत उत्पादन नभई विद्युत बिक्रीबाट हुने आम्दानी घट्न गएमा संचालन गतिविधिबाट हुने नगद प्रवाहमा कमी आउने र नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने अवस्था रहेको।

(ख) **कच्चा पदार्थको अभाववाट हुने जोखिम :**
जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
उत्पादित सम्पूर्ण विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएकोले बजारको जोखिम नरहेको।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :**
आयोजना निर्माण सम्पन्न भई संचालनमा रहेको भएता पनि आयोजना निमार्णको कार्य पुर्ण रुपमा भई नसकेको हुँदा पूँजी अपुग हुन सक्ने र आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको।

(ङ) **विदेशी विनिमयको जोखिम :**
विदेशी विनिमय दरमा परिवर्तन भएमा संचालन खर्चमा वृद्धि हुन सक्ने।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :**
अनुमती तथा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा जोखिमहरु श्रृजना हुन सक्ने।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नीतिहरु परिवर्तनबाट हुन सक्ने जोखिमहरु।

(झ) **संचालन इतिहासको अभाव :**
कम्पनीका संचालक तथा संस्थापकहरु विगत लामो समयदेखि यस प्रकारका आयोजना तथा विद्युत उत्पादनमा संलग्न हुँदै आई रहेकोले संचालन इतिहासको अभाव नहुने तथा मिति २०७५/०५/२३ गते देखि कम्पनीले कारोबार संचालन गरेकोले कम्पनीको संचालन करिव ३ वर्ष भन्दा लामो रहेको छ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**
जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट विद्युत उपकरणहरु फेज आउट भएमा।

(ट) **अन्य :**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
- प्राकृतिक प्रकोपको तथा काबु बहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा।
- अप्रत्याशित रुपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्नेछ।
- कोभिड-१९ माहामारीबाट देशमा भएको बन्दा बन्दीको कारणले आवतजातमा पुर्ण रुपमा बन्द भई आयोजनाको साईटमा निमार्ण सामाग्री पुऱ्याउन र कामदारहरु लैजान अवरोध सृजना भएकोले निमार्णकार्य ढिला हुन गई आयोजनाको लागत बढ्न सक्ने अनुमान गरिएको छ। साथै कोभिड-१९ माहामारीको जोखिम न्युनिकरण गर्न नेपाल राष्ट्र बैंक बाट प्राप्त हुने सहुलियत पुर्ण पुर्नकर्जा सुविधा लिई उपभोग गरिएको।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको छ। उर्जा विभिन्न श्रोतवाट प्राप्त गर्न सकिन्छ। जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत, इत्यादी। नेपाल जलश्रोतको धनी देश भएको र अन्य विद्युत उर्जाको स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने विद्युतलाई भरपर्दो मानिन्छ। उर्जाका लागी जलविद्युतको आवश्यक्ता र महत्व कहिल्यै कम नहुने, जलविद्युत आयोजनाको लगानीमा अन्य स्रोत भन्दा न्यून जोखिम रहेको र यस प्रकारको आयोजनाले वातावरणमा पनि न्यून प्रभाव पर्ने व्यवस्थापनको धारणा रहेको छ। त्यस कारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीवाट भरपर्दो विद्युत उत्पादन गर्न सकिने र यसको लागत पनि अन्य उर्जाका श्रोत भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा जलविद्युत आयोजनाहरुमा जोखिम कम रहेको धारणा व्यवस्थापनको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्था, आयोजनाको संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न विमाको व्यवस्था तथा प्राकृतिक प्रकोपबाट हुन सक्ने सम्भावित जोखिमका कारण उत्पादन हुन नसकेको विद्युतको पनि विमा गरिएको छ। यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निर्माणाधिन आयोजनाको निम्नानुसारका बिमा गरिएको छ।

क्र.सं.	बीमाको प्रकार	बीमा कम्पनीको नाम	बिमांक रकम (रु.)	बीमा अवधि	बीमा शुल्क (रु.)
१.	नाफा-नोक्सान (सम्पत्ति) बीमालेख क. सिभिल	सानिमा जनरल इन्सुरेन्स क.लि	१२,००,००,०००/-	२०२३/०५/०४	७,७२,९४३.००
२.	सामान्य सम्पत्ति बीमालेख	सानिमा जनरल इन्सुरेन्स क.लि	१,१२,००,७९,०००/-	२०२३/०३/१७	२३,४२,५४७.७५

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :

प्रति शेयर अंकित मूल्य रु.१००/- दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१६. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यूनमाग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया :**
स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डबाट जारी धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ३० को अधिनमा रही शेयर बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।
१. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँट गरिनेछ।
२. बुँदा नं. (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँट गरिनेछ।
३. बुँदा न. (२) बमोजिम शेयर बाँडफाँटको प्रक्रिया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाइ बाँडफाँट गरिनेछ।
४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरिनेछ।
५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिका सम्बन्धमा बोर्डको सहमति लिइनेछ।
६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलिपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ। साथै न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्यभूतीकर्ताहरु बीच भएको प्रत्याभूत सम्बन्धी सम्झौतापत्र अनुसार दामासाहीले बाँडफाँट गरिनेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:**
शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समय भित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**
धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट-पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा “धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४” को दफा २९ को उपदफा ३ मा भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्कासनमा धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधी :**
निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र निजहरुको हितग्राही खातामा अभौतिक रुपमा जम्मा गर्ने व्यवस्था गरिनेछ र सर्वसाधारणहरको लागि निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ को नियम २३ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**
सो नभएको।

(च) **धितोपत्र सूचिकरण भै नसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरणः**
निष्कासन गरिने साधारण शेयरको बाँडफाँट पश्चात् धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्कासन गरिने धितोपत्र तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्कासन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्ने छन्।
२. आवेदकले सि-आस्वा (C-ASBA) प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा (C-ASBA) रजिष्ट्रेशन फाराम भरी CRN नं. लिनु पर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ।
६. आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ।
७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछः
    - क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम।
    - ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना।
    - ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
    - घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या-अंक र अक्षरमा।
    - ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम-अंक र अक्षरमा।
    - च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
    - छ. आवेदकको हितग्राही-डिम्याट खाता नम्बर।
८. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन।
९. आवेदन दिएको रकम बरावरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
१२. धितोपत्र बाँडफाँट गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनु पर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।
१४. शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात् बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, मध्यपुर ठिमी न.पा. वडा नं.०३, चारदोबाटो, भक्तपुर वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौमा सर्म्पक राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढी शेयर खरिदका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ५०,००० (पचास हजार) कित्तासम्म साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिनेछ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :

विवरण	रकम (रु.)
आ.व. २०७८/०७९ को वार्षिक साधारण सभाको निर्णय बमोजिम शेयरको सार्वजनिक निश्काशनका लागि छुट्याइएको रकम समयमानै जारी हुन नसकेको कारणबाट आयोजना सम्पन्न गर्न अपुग रकम प्रर्वधकहरुबाट सापटी लिइएको र सो सापटी रकम फिर्ता गर्न उपयोग गरिनेछ।	१२,३१,२५,०००/-
जम्मा	१२,३१,२५,०००/-

२०. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु :

क्र.सं.	विवरणपत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरुः
१.	श्री हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ। वेवसाइट www.himalayancapital.com
२.	श्रीस्टार हाईड्रोपावर लिमिटेड, मध्यपुर ठिमी न.पा.-३, भक्तपुर। वेवसाइट www.threestarhydro.com
३.	नेपाल धितोपत्र बोर्डको वेवसाइटः www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ।

	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानः
१.	सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “**मेरो शेयर**” अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	श्री हिमालयन बैंक लि., ठमेल, काठमाण्डौ।	HCL - THREESTAR HYDRO (IPO)	०१९०७६८३१४०७६६
२.	श्री कुमारी बैंक लि., दरबारमार्ग, काठमाण्डौ।	Himalayan Capital Ltd. - THREESTAR HYDRO (IPO)	०४३०२७२७१५६००००१
३.	श्री हिमालयन बैंक लि (साविक सिभिल बैंक लि.), टोखा, काठमाण्डौ।	IPOTHREESTAR HYDROPOWER LTD.	३११५०२३७४३००१८

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगाबै बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागी धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्।
गुनासो सुन्ने अधिकारी :
नामः राम प्रसाद भट्टराई, इमेलः info@himalayancapital.com, फोन नः ०१-५३५८३४५

निष्काशन तथा बिक्री प्रबन्धक:

Himalayan Capital
A wholly owned Subsidiary of Himalayan Bank limited

हिमालयन क्यापिटल लिमिटेड

कर्मचारी संचय कोष भवन, ठमेल, काठमाण्डौं, फोनः ०१-५३५८३४५/५३६३१४७
इमेलः info@himalayancapital.com, वेवसाइटः www.himalayancapital.com